का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० भदौ २०७९,
शुक्रबार
26 August 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु



# फिल्मी शैलीमा बालेन

अनधिकृत संरचनाहरु भत्काउने कार्यमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह खरो उत्रिएका छन् । नक्सा अनुसार पार्किङ र अण्डरग्राउण्ड नबनाउनेमाथि एकपछि अर्को गरी जाइलागेका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

पछिल्लो समय काठमाडौं महागरपालिकाका मेयर बालेन शाह महानगरपालिकाभित्र रहेको अनधिकृत संरचनाहरु भत्याउनका केन्द्रित भएका छन् । नक्सापास बिनाको संरचना आफैं हटाउन ३५ दिने सूचना निकालेर सचेत गराउँदा नमानेपछि उनी सोही सूचना लिएर व्यावसायीक भवनहरुमा पुगेका छन् । जहाँ गलत भएको त त्यहाँ उनले डोजर चलाएर भत्याइरहेका छन् ।

नर्भिक अस्पतालमा रहेको संरचनाको विषयमा प्रश्न उठाएर आफैं हटाउन भन्दा अदालतमा निवेदन परेको र अदालतले नभत्काउन आदेश दिएको विषयलाई जानकारीमा लिएर उनले अनुगमनमा जाने र गलत गरेको सच्याउने प्रतिवद्धता नपाएपछि भत्काउन थालेका हुन् ।

काठमाडौं मल लगायतका व्यावसायीक भवनका अण्डरग्राउण्ड, वानेश्वर क्षेत्रमा बनेका व्यावसायीक भवनका अण्डरग्राउण्डमा चलिरहेको व्यावसाय उठाउन आग्रह गर्दा नमानेपछि डोजर चलाएका बालेन बिहीबार नयाँ वानेश्वरस्थित अल्फा बिटा कम्प्लेक्समा पुगे । अवैध संरचनाहरु हटाउँदै हिँडेका बालेनलाई अल्फा बिटा कम्प्लेक्सका प्रतिनिधिहरुले सरकारलाई कर तिरेर व्यावसाय गरिरहेको भनी धम्याउन खोजे । वकिल लिएर अदालत जाने चेतावनी दिए । त्यसबाट आक्रोशित बनेका बालेनले महानगर फर्किएर अल्फाबिटा भवनको नक्सा लिएर गएर उक्त भवनको अगाडिको भागमा निकालिएको सटर भत्काइदिए । नक्सामा पार्किङ भनेर सटर निकालेर फर्मेसी सञ्चालन दिएर अल्फाबिटाले पार्किङ भने सडक पेटीमा गराउँदै आएको थियो ।

बालेनको शैलीलाई कतिपयले फिल्मी शैलीको संज्ञा दिएका छन् । काठमाडौंका अधिकांश क्षेत्रमा नागरिकले पार्किङ गर्ने ठाउँ नपाएर हैरानी भोग्नु परिरहेका बेला बालेनले

– बाँकी पृष्ठ २ मा

नागरिकता विधेयक

# राष्ट्रपतिमाथि खनिए सत्तारुढ

नागरिकता विधेयकलाई लिएर राष्ट्रपति बिभिन्न पक्षसँग परामर्शमा केन्द्रित भएपछि सरकार काउण्टरमा उत्रिएको छ । संविधान अनुसार अगाडि बढ्दा रोक्ने प्रयास गरेको भनेर गृहमन्त्री बालकृण खाँणले राष्ट्रपतिको नियत्तमाथि नै प्रश्न गर्ने प्रयास गरेका छन् ।



मेले समाजमा उठेका विषयहरुलाई सन्देशको रुपमा फिर्ता पठाएको हुँ । यसबारे निर्णय गर्न संसद स्वतन्त्र छ । तर, जनताको चासोलाई ख्याल गर्नु उत्तम हुन्छ ।

■ **विद्यादेवी भण्डारी**
राष्ट्रपति



पारित विधेयकमा यो कुरा मिलेन भनि राष्ट्रपतिको सन्देशमा उल्लेख छैन । तर, संविधान संशोधनसँग जोडिने प्रश्न छन् । संविधानको व्यवस्था परिवर्तन गर्नुपर्ने स्ट्यान्डले नागरिक विहिनको उत्पीडन भएन ?

■ **बालकृण खाँण**
गृहमन्त्री

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

गृहमन्त्री बालकृण खाँणले बिहीबार एक्कासी पत्रकार सम्मेलन आयोजना गर । जहाँ उनले 'नागरिकता विधेयकको यथार्थता र भ्रम' शीर्षकमा ३८ बुँदे प्रष्टीकरण सार्वजनिक गरे । साथसाथै उनले राष्ट्रपतिको नियत्तमाथि नै प्रश्न उठाएर अभिव्यक्ति दिए । प्रमुख प्रतिपक्षी नेकपा एमालेलाई पनि मुछ्ने गरी बोले ।

पूर्ववर्ती सरकारले नागरिता अध्यादेश ल्याउँदा तुरुन्तै जारी गर्ने वर्तमान सरकारले ल्याएको विधेयक संघीय संसदबाट पारित भएर जाँदा फिर्ता गर्ने ? भन्ने प्रश्न गृहमन्त्री खाँणको छ । 'अध्यादेश राष्ट्रपतिले पढ्नु पर्ने थिएन ? अध्यादेश ल्याउँदा किन फिजीकरण भएन ?' राष्ट्रपतिलाई गृहमन्त्री खाँणको प्रश्न छ ।

कानुनमन्त्री र आफुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीकहाँ पुगेर 'तपाईंले ल्याएको अध्यादेश अनुसार नै विधेयक ल्याउँछौ भनेको र सोही अनुसार विधेयक ल्याएको उल्लेख गर्दै उनले भने, 'उहाँले एमालेका केही व्यक्तिलाई कुरा गर्नुस् भन्नु भएको हो । हामीले प्रतिपक्ष भूमिका निर्वाह गर्छौं तर पारित गराउन सहयोग गर्दैनौ भन्नु भएको थियो ।'

एमाले अध्यक्ष ओलीसँगको कुराकानी अनुसार नै अध्यादेशको आधारमा विधेयक आएको र संघीय संसदबाट पारित भएको उल्लेख गर्दै प्रश्न गरे, '१४/१५ दिन राष्ट्रपतिले रोकिदिनु भयो किन ?' १४/१५ दिन रोकेर संदेशसहित फिर्ता पठाएको तर, राष्ट्रपतिले संदेशमा विधेयक संशोधन गर्ने विषय मात्रै नभएर संविधान नै संशोधन गर्ने विषय समावेश भएको उनले बताए । 'पारित विधेयकमा यो कुरा मिलेन भनि राष्ट्रपतिको कहीं उल्लेख छैन । तर, संविधान संशोधन संग जोडिने प्रश्न छन्' उनले थपे, 'संविधानको व्यवस्था परिवर्तन गर्नुपर्ने स्ट्यान्डले नागरिक विहिनको उत्पीडन भएन ?'

संविधान संशोधन तिर जाने हो भने अनगरीकले नागरिकता प्राप्त गर्न झनै समय लाग्न सक्ने उनको

– बाँकी पृष्ठ २ मा

# एमालेलाई अझै तालमेलको आश !

एक्लैले सत्तारुढ गठबन्धनलाई हराउने दावी गर्दै आएको नेकपा एमालेले चुनावी तालमेलका निम्ति जोसुकैसँग तयार हुने निर्णय गरेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

स्थानीय चुनाव सकिएको साढे तीन महिनापछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको केन्द्रीय कार्यसमितिको बैठक आजबाट शुरु हुँदैछ । एमालेको केन्द्रीय कमिटी बैठक यसअघि गएको चैतमा बसेको थियो । त्यसपछि स्थानीय चुनावमा होमिएको एमालेले दुई पटक सचिवालय बाहेक अरु कमिटीको बैठक राखेको थिएन ।

भदौ ७ गतेदेखि भने एमालेले लगातार स्थायी कमिटी, पोलिटब्यूरो, केन्द्रीय कमिटी र निर्वाचन परिचालन समितिको बैठकको मिति तय गरेको थियो । भदौ ९ स्थायी कमिटी, भदौ १० र ११ गते केन्द्रीय कार्यसमिति र भदौ १२ गते केन्द्रीय निर्वाचन परिचालन कमिटीको बैठक राखिएको छ । केन्द्रीय कमिटी र निर्वाचन परिचालन समितिको बैठकका लागि बिहीबारको पोलिटब्यूरो बैठकले ११ वटा एजेण्डा अनुमोदन गरेको प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले बताए ।

उनका अनुसार, ११ वटै एजेण्डा आगामी चुनावमा केन्द्रीत छ । बैठकमा नेताहरुले सत्तागठबन्धनविरुद्ध जित निकाल्न एमाले एक्लै काफी भएको निष्कर्ष निकालेका छन् । यसअघि स्थानीय चुनावमा पनि एमाले एक्लैले स्थानीय चुनावमा पहिलो दल बन्ने निष्कर्ष निकालेको थियो । तर वैशाख ३० गते सम्पन्न स्थानीय चुनावले भने एमाले दोस्रो शक्तिमा खुम्चिएको छ । ७५३ मध्ये ३२९ स्थानीय तहको प्रमुख जित्दै नेपाली कांग्रेस पहिलो शक्ति बनेको छ ।

०७४ को चुनावमा २९४ स्थानीय तहको प्रमुखसहित एमाले पहिलो दल

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# रोमानिया जाने कामदारका लागि अस्थायी मिशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ भदौ

रोमानिया जाने कामदारको सहजताका लागि वैदेशिक रोजगार कार्यालय ताहाचलमा अस्थायी रोमानियन मिशन स्थापना भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहलमा स्थापित उक्त मिशनले नेपालबाट वैदेशिक रोजगारी र अन्य प्रयोजनमा रोमानियामा जान चाहने नेपाली नागरिकहरुको भिसा आवेदन प्रक्रियाको सहजीकरण गर्नेछ ।

रोजगारीका लागि रोमानिया जाने कामदारको भिसा प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाउन मन्त्रालयले ताहाचलमा अस्थायी मिशन स्थापना गरेको बताएको छ । मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै मिशनले वैदेशिक रोजगारीका लागि रोमानिया जान चाहनेलाई सहज हुने उल्लेख गरेको छ ।

यसअघि वैदेशिक रोजगारीका लागि रोमानिया जाने नेपालीहरुले उक्त मुलुकबाट रोजगारीको लागि सम्झौता आएपछि भारतको राजधानी नयाँदिल्लीमा रहेको रोमानियन राजदूतावासमा जानुपर्ने बाध्यता थियो । त्यसले रोजगारीका लागि रोमानिया जाने नेपालीहरुको अतिरिक्त समय र रकम खर्च हुने गरेको थियो । जनगुनासोलाई सम्बोधन गर्न रोमानिया प्रवेशका लागि सहज अवस्था सिर्जना गर्न र नेपालीले रोमानियाबाट प्राप्त गरेका रोजगारीहरु गुम्न नदिन मिशन स्थापना गरिएको

– बाँकी पृष्ठ २ मा

# चुनावी मैदानमा ८७ दल, मतपत्रमा ७९ चिन्ह

आम चुनाव २०७९

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

निर्वाचन आयोगका अनुसार ४ मंसिरमा हुने प्रतिनिधिसभाको चुनावमा ८७ दलले भाग लिने भएका छन् । चुनावी प्रयोजनका लागि दल दर्ताको निवेदन दिएकामध्ये ८७ दलको दल दर्ता भएको छ । तर, संयुक्त चुनाव लड्ने चार वटा समूह रहेकाले मतपत्रमा भने ७९ चुनाव चिन्ह रहनेछ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल भन्छन्, 'आगामी प्रतिनिधिसभा चुनावमा भाग लिनका लागि ८७ वटा दल दर्ता भएको छ । त्यसमध्ये एकल रूपमा सहभागी हुने दलको संख्या ७५ रहेको छ । संयुक्त समूहमा सहभागी हुने दलको संख्या ४ वटा छ । यसकारण मतपत्रमा ७९ वटा निर्वाचन चिन्ह रहन्छ ।'

प्रदेशतर्फ भने ७५ वटा दल मात्रै सहभागी हुने भएका छन् । आयोगको सूचना अनुसार वाग्मती प्रदेशसभा चुनावमा ७२ दलले भाग लिनेछन् । प्रदेश १ मा ७०, गण्डकीमा ६६, लुम्बिनीमा ६८, कर्णाली र सुदूरपश्चिम प्रदेशमा ६४/६४ दल सहभागी हुने छन् । प्रदेशतर्फ पनि संयुक्त समूहमा सहभागी हुने दलको संख्या ४/४ वटा रहेको प्रवक्ता पौडेलले जानकारी दिए ।

यस्तै, मतपत्रमा कसको चुनाव चिन्ह कहाँ रहने पनि टुंगो लागेको छ । चुनाव चिन्हको रोलक्रम २०७४ को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याको आधारमा हुनेछ । ०७४ मा सबैभन्दा बढी मत एमालेले समानुपातिकतर्फ पाएकाले प्रतिनिधिसभा निर्वाचनको मतपत्रमा नेकपा एमालेको चुनाव

– बाँकी पृष्ठ २ मा

**Urgently Required**

One of the reputed recruitment agency is seeking for following applicants.

PR Manager : 1 (M/F)

Requirements:
Minimum 5 Years experienced in the related fields.

Attractice salary for the deserving candidate.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*
Prority will be given for manpower Experienced.

**Gorkha Human Resource Solution Pvt. Ltd.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 |
Email:-gorkhahrs779@gmail.com Mobile: 9851152210

मध्यान्ह
www.madhyanhadaily.com
१० भदौ २०७९, शुक्रबार
26 August 2022, Friday

# ५० मेगावाट बिजुली लैजान बंगलादेश सहमत



**काठमाडौं/मस–** नेपालको बिजुली बङ्गलादेश लैजानका लागि भारतीय संरचना र पूर्वाधार प्रयोग गर्नुपर्ने भएकाले सम्बन्धित पक्षबीच त्रिपक्षीय छलफल गर्ने निर्णय भएको छ । बिहीबार सम्पन्न नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकले भारतीय भूमि र संरचना प्रयोगका सम्बन्धमा आवश्यक सहमति जुटाउनका लागि त्रिपक्षीय छलफल गर्ने सहमति भएको हो । त्यसका लागि पनि दुवै पक्षले पहल गर्ने सहमति भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवम् प्रसाद मधुप्रसाद भेटुवालले जानकारी दिए ।

नेपाल र बङ्गलादेशबीच डेडिकेटेड विद्युत् प्रसारण लाइन निर्माण गर्नका लागि भारतको अनुमति आवश्यक भएकाले दुई देशले यस्तो निर्णय गरेको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ । बङ्गलादेशले प्रारम्भिक चरणमा ४० देखि ५० मेगावाट बराबरको बिजुली लैजान सकिने बताएको छ । बङ्गलादेशको भेरामारामा अवस्थित हाइ भोल्टेज डाइरेक्ट करेन्ट संरचनाको बाँकी रहेको क्षमता उपयोग गरी नेपालबाट बङ्गलादेशमा प्रारम्भिक चरणमा बिजुली निर्यातको मार्ग खोल्ने तयारी गरिएको छ ।

बैठकले यसबारेमा महत्वपूर्ण सहमति जुटाएको छ । त्यसका लागि नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपीसी व्यापार निगम लिमिटेडबीच त्रिपक्षीय समझदारी हुन आवश्यक छ । त्यसका लागि प्राधिकरण र बङ्गलादेशको बोर्डले एनभिभिएनलाई अनुरोध गर्ने सहमति भएको छ । एनभिभिएन भारतको ऊर्जा व्यापारको 'नोडल एजेन्सी' हो ।

बङ्गलादेशले हाल भारतबाट बिजुली लगिरहेको संरचनाले धान्ने बराबरको बिजुली लैजान तयार रहेको बैठकमा जानकारी गराएको ऊर्जा मन्त्रालयको भनाइ छ । विद्यमान संरचनाले करिब ४० देखि ५० मेगावाटसम्म बिजुली लैजान सकिने देखिएको छ । बङ्गलादेशले कूल छ सय ८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलविद्युत् आयोजना निर्माणका लागि सहमति जनाउँदै त्यसका लागि संयुक्त उपक्रममा रहने गरी प्रक्रिया अगाडि बढाइने भएको छ ।

सो आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन यथाशीघ्र बङ्गलादेशीलाई उपलब्ध गराइने भएको छ । सो आयोजनाको सम्पूर्ण अध्ययन प्रतिवेदन नेपालले बङ्गलादेशलाई उपलब्ध गराउने र बङ्गलादेशले पनि आफ्नो धारणा दिने सहमति भएको सहसचिव भेटुवालले जानकारी दिए । सोलार होम सिस्टमलगायतका नवीकरणीय ऊर्जाको क्षेत्रमा सहकार्यका लागि नेपालको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बङ्गलादेशको सोही खालको संस्थाबीच सहकार्यका लागि एक महिनाभित्र मस्यौदा उपलब्ध गराइने भएको छ । क्षमता अभिवृद्धि, तालिम आदानप्रदानका बारेमा सम्बन्धित निकायकाबीचमा भावी कार्यदिशा तयार गर्न संयुक्त प्राविधिक टोलीलाई जिम्मा दिइएको छ ।

भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जन राव (जीएमआर) सँग माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको कूल ५०० मेगावाट बराबरको बिजुलीको विद्युत् खरिद सम्झौता आगामी सेप्टेम्बरसम्म हुने जानकारी गराइएको थियो । बङ्गलादेशले यसअघि नै नेपालबाट सन् २०४० सम्म नौ हजार मेगावाट बिजुली लैजाने घोषणा गरिसकेको छ ।

संयुक्त निर्देशक समितिको बैठकमा नेपालकातर्फबाट ऊर्जा सचिव सुशीलचन्द्र तिवारी र बङ्गलादेशको पावर इनर्जी, एण्ड मिनरल रिसोर्सेजका सचिव मोहमद हबिबुर रहमानको सहअध्यक्षता रहेको थियो । बुधबार भने सहसचिव स्तरीय बैठक सम्पन्न भएको थियो ।

# तीन दललाई निर्वाचन चिन्ह प्रदान



**काठमाडौं/मस–** निर्वाचन आयोगले विभिन्न नयाँ तीन दललाई निर्वाचन चिन्ह प्रदान गरेको छ । राष्ट्रिय यथार्थवादी पार्टी नेपालले मोटरसाइकल, सामाजिक लोकतान्त्रिक पार्टीले तीन ढुङ्गे अघिनो र त्रिमूल नेपालले ओदान निर्वाचन चिन्ह दल दर्ताको निवेदन पेस गरेकामा ती दललाई मागबमोजिमकै निर्वाचन चिन्ह प्रदान गरेको आयोगले जनाएको छ ।

उक्त चिन्ह तत्तत् दलको निर्वाचन चिन्हका रूपमा रहनेगरी राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अभिलेखीकरण गर्ने निर्णय भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।

दर्ता भएका राजनीतिक दलमध्ये निर्वाचन हुनुभन्दा तत्कालअघि कायम रहेको प्रतिनिधिसभा/प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधिसभा/प्रदेशसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याका आधारमा र प्रतिनिधित्व नगर्ने दलको हकमा प्रतिनिधिसभा/प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को प्रयोजनका लागि आयोगमा दल दर्ता भएको क्रमका आधारमा राजनीतिक दल एवम् उम्मेदवारको निर्वाचन चिन्ह मतपत्रमा समावेश गरिनेछ । यसरी निर्धारण गरिएका निर्वाचन चिन्ह नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको आयोगले जनाएको छ ।

# तीन जनाको मृत्यु, ४४४ जनामा संक्रमण



**काठमाडौं/मस–** बिहीबार ४४४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार चार हजार नौ सय ५४ परीक्षणमध्ये चार सय ४४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो । सक्रिय संक्रमितको संख्या चार हजार एक सय ९९ पुगेको छ । कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई तीन सय सात जना घर फर्किएका छन् । कोरोना भाइरसको संक्रमणबाट तीन जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ९८ जनाको सङ्क्रमणबाट निधन भएको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् ।

सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालिकोट, हुम्ला, डोल्पा, मुगु र जाजरकोट रहेका छन् । होम आइसोलेशनमा चार हजार २६, संस्थागत आइसोलेशनमा एक सय ७३, सघन उपचार कक्षमा ५० र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा पाँच हजार पाँच सय ९७ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् ।

# गम्भीर रोग लागेकालाई मासिक पाँच हजार उपचार खर्च




**काठमाडौं/मस–** काठमाडौं महानगरले गम्भीर रोग लागेका बिरामीलाई मासिक पाँच हजार रुपैयाँ उपचार खर्च दिने निर्णय गरेको छ । मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षघात भएका बिरामीलाई उपचार खर्च उपलब्ध गराउने महानगरले जनाएको हो ।

महानगरका अनुसार मिर्गौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधोपचारबापत खर्च उपलब्ध गराइने छ । महानगरले तोकिएका बिरामीलाई निवेदन दिन सूचनामार्फत आग्रह गरेको छ । महानगरको ३१ साउनको निर्णयअनुसार बिरामीको विवरण माग गरिएको हो ।

महानगरमा स्थायी बसोबास गरिरहेका र राज्यबाट अन्य कुनै सेवा-सुविधा तथा सामाजिक सुरक्षा भत्ता नलिएका बिरामीलाई बिरामीको विवरण कागजातसहित आफ्नो वडा कार्यालयमा निवेदन दिन भनिएको छ ।

निवेदन दिन नेपाली नारिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, अन्यत्रबाट बसाइँ सरेर आएको हकमा बसाइँसराइ प्रमाणपत्रको प्रतिलिपि, चिकित्सकबाट प्रमाणित गर्न उपचार भइरहेको अस्पतालको चिकित्सकबाट प्रमाणित गरिएका अन्य कागजात र मेरुदण्ड पक्षघात भएका व्यक्तिका हकमा अपांगता परिचयपत्रको (रातो वा नीलो) प्रतिलिपि बुझाउन महानगरले आग्रह गरेको छ ।

# बाँझो जमिनमा खेती गर्न प्रोत्साहन

**लमजुङ/मस–** कृषि ज्ञान केन्द्र लमजुङले चालु आर्थिक वर्षमा बाँझो जमिनमा व्यावसायिक खेती प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने भएको छ । जिल्लामा खेतीयोग्य जमिन बाँझो हुनेक्रम बढेसँगै व्यावसायिक खेती प्रवर्द्धन गर्नका लागि सो कार्यक्रम सञ्चालन गर्ने भएको हो ।

गण्डकी प्रदेश सरकार भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयले कृषि ज्ञान केन्द्रमार्फत सो कार्यक्रम सञ्चालन गर्ने भएको हो । कार्यक्रम अन्तर्गत जिल्लाका लागि चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ बजेट विनियोजन भएको कृषि ज्ञान केन्द्र लमजुङका सूचना अधिकारी एवं कृषि अर्थविज्ञ मदन रेग्मीले बताए ।

सो कार्यक्रम लागत साझेदारीमा सञ्चालन हुने सूचना अधिकारी रेग्मीको भनाइ छ । रेग्मीका अनुसार कार्यक्रम कार्यान्वयनका लागि सरकारले न्यूनतम प्रतिरोपनी पाँच हजार रुपैयाँ उपलब्ध गराउने छ ।

कार्यालयले कार्यक्रम सञ्चालनका लागि सम्बन्धित सरोकारवालाबाट प्रस्ताव आवेदनसमेत माग गरिसकेको छ । कार्यालयका अनुसार सो कार्यक्रम सञ्चालनका लागि कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह वा कृषि क्षेत्रमा काम गर्ने सहकारी संस्थाले प्रस्ताव आवेदन दिन सक्नेछन् । कार्यालयका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा कूल १० हेक्टर क्षेत्रफलमा सो कार्यक्रम कार्यान्वयन हुने छ । कार्यक्रम कार्यान्वयनका लागि विविध कारणले तीन वर्ष अघिदेखि जमिन बाँझो रहेको हुनुपर्ने, न्यूनतम तीन रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने मापदण्ड रहेको छ । केन्द्रको तथ्यांकअनुसार जिल्लामा कुल खेतीयोग्य जमिनमध्ये १६ हजार हेक्टर भन्दा बढी जमिन बाँझो छ । जिल्लामा कूल खेतीयोग्य जमिन ६१ हजार आठ सय १९ हेक्टर जमिनमध्ये १६ हजार सात सय ६९ हेक्टर जमिन बाँझो रहेको कार्यालय प्रमुख सुदिप खतिवडाले बताए । जिल्लामा कूल खेतीयोग्य जमिनमध्ये ४५ हजार ५० हेक्टर जमिनमा विभिन्न प्रकारका खेती हुँदै आएको छ । केही वर्ष अघिसम्म १५ हजार हेक्टर जमिनमा खेत रोपाइँ हुने गरे पनि पछिल्ला वर्षहरूमा जमिन बाँझो रहने क्रम बढ्दो अवस्थामा छ ।

## फिल्मी...

अनधिकृत संरचनाहरु भत्काउन थालेपछि सामाजिक संजालमा पनि वाहीवाही बटुलिरहेका छन् । यातायात व्यावसायी र ब्यापारी विभाजित

अनधिकृत संरचना हटाउने बालेको शैलीका विषयमा यातायात व्यावसायी ब्यापारीहरु भने विभाजित भएका छन् ।

पार्किङ खाली गराउने महानगरको अभियानलाई नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले समर्थन गरेको छ । व्यावसायिक भवनका भूमिगत पार्किङलाई प्रयोजन विपरीत नक्सा मिचेर राखिएका पसल हटाउनै पर्ने महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला बताउँछन् । उनी भन्छन्, 'महानगरपालिकाले थालेको अभियानले सडकमा ट्राफिक जाम घटाउन मद्धत पुग्छ । निजी भवनका पार्किङमा पसल राखेपछि सवारी सडकमा पार्क हुने कुराको अन्त्य गर्दछ ।' सबै पार्क खुलाएमा ट्राफिक जामको समस्या ३० प्रतिशतसम्म घट्ने सिटौलाको दाबी छ ।

तर, उद्योगी व्यवसायीले बालेनलाई व्यापारीमाथिको हस्तक्षेप रोक्न भनेका छन् । बालेनले अनधिकृत संरचनामा डोजर चलाउन थालेपछि काठमाडौं उद्योग वाणिज्य संघको आपतकालीन बैठक थियो । उक्त बैठकले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलाई वार्तामार्फत् समस्याको समाधान निकाल्न भनेको छ । महानगरको सर्वपक्षीय विकासका लागि उद्योगी व्यवसायीहरु सधैं सक्रिय र क्रियाशील हुँदै आएको भन्दै संघले विस्थापित व्यवसायीहरुलाई प्रक्रियागत तवरले उचित क्षतिपूर्तिको व्यवस्था मिलाउन समेत माग गरेको छ ।

## नागरिकता...

भनाई रहेको छ ।
आफुहरुले ल्याएको विधेयकमा गैर आवासीय नेपालीको व्यवस्था बाहेक कुनै पनि प्रावधान नथपिएको उनले पटक-पटक दोहोऱ्याए । साथसाथै बाबुको स्व घोषणा आफुहरुले नभइ पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको शब्द भएको उनको भनँई छ । 'स्व घोषणा तत्कालीन समयमा ओली सरकारले ल्याएको अध्यादेश मै उल्लेख थियो त' गृहमन्त्री खाँणले भने ।

गृहमन्त्री खाँणले एमालेको कारणले नागरिकता पाउनुपर्नेहरु फेरि बन्चित हुन सक्ने भनी आरोपित पनि गरे । एमालेले नागरिकता विधेयकमा गरेको विरोधप्रति उनको आपत्ति छ । भन्छन्, 'जो नागरिक आउँछन् भनि विधेयक रोक्न खोजिएको छ । जो पाइरहने हुन्,तिनीहरूले त विद्यमान व्यवस्था अनुसार पाइरहेकै छन् । तर, एमालेको कारणले विधेयक रोकिए नागरिकता जसले पाउनै पर्ने हो, ती वञ्चित हुन्छन ।'

बिहीबार नै राष्ट्रपतिसँग कानुनन्याय तथा संसदीय मामिलामन्त्री गोबिन्द बन्दी र महान्यायधिवक्ता खम्ब बहादुर खातीसिँग भेट भएको थियो । भेटमा राष्ट्रपतिले 'मेले समाजमा उठेका विषयहरुलाई संदेशको रुपमा फिर्ता पठाएको हुँ । यसबारे निर्णय गर्न संसद स्वतन्त्र छ । तर, जनताको चासोलाई ख्याल गर्नु उत्तम हुन्छ' भनेको भेटमा सहभागी अधिकारीहरुले बताएका छन् ।

## एमालेलाई...

बनेको थियो । तर यसपटक २०५ स्थानीय तहको प्रमुख मात्रै एमालेले जितेको छ । एमालेविरुद्ध गठबन्धन भएकाले माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाले राम्रै नतिजा ल्याएको थियो ।

माओवादी केन्द्रले १२१, जसपाले ३०, एकीकृत समाजवादीले २० र जनमोर्चाले ४ सिट जितेको छ । स्थानीय चुनावकै जस्तो तालमेल आगामी चुनावमा पनि गर्नेगरी सत्तारुढ गठबन्धनले गृहकार्य अगाडि बढाएको छ । तर एमालेले यसपटक पनि गठबन्धन हराउने दावी गरेको छ । तर दावी प्रमाणित हुने विश्वासिलो आधार भने देखिदैन ।

त्यसैले बिहीबारको पोलिटब्यूरो बैठकमा एमाले नेताहरुले तालमेलको ढोका खुला नै राख्ने निष्कर्ष निकालेका छन् । कुनै दल विशेषबारे छलफल नभएपनि एमालेसँग तालमेल गर्न चाहने शक्तिका लागि कहिल्यै ढोका बन्द नहुने निष्कर्ष निकालेको छ ।

## रोमानिया ...

मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । रोमानियन मिशनले प्रवाह गर्ने सेवा प्रक्रियामा श्रम तथा रोजगार कार्यालय, ताहाचलले आवश्यक समन्वय गर्नेछ । नेपालबाट रोमानियामा वैदेशिक रोजगारीको सन्दर्भमा जान चाहने नेपाली नागरिकहरुले नेपालमा अस्थायीरुपमा स्थापना गरिएको रोमानियन मिशनले तोकेको भिसा शुल्क बाहेक कहीँकतै कुनै प्रकारको रकम नबुझाउन वा अन्य कुनै पनि प्रकारका प्रलोभनमा नपर्न सम्बद्ध सबैमा मन्त्रालयले आग्रह गरेको छ ।

त्यसका साथै रोमानियन अधिकारीहरुसँग चिनजान वा अन्य कुनै प्रकारको सम्बन्ध छ भनी कसैलाई प्रलोभनमा पारी कुनै प्रकारबाट ठगी गरेमा वा रकम असुल गरेमा प्रचलित कानून बमोजिम कडा कारबाही गरिने मन्त्रालयले बताएको छ ।

साथै मन्त्रालयले गैरकानूनी क्रियाकलापमा संलग्न नहुन र कोही गैरकानूनी क्रियाकलापमा संलग्न भएको सूचना कसैसँग भएमा मन्त्रालयमा रहेको कल सेन्टर १६६००१५०००५ वा ११४१ मा सम्पर्क गरी त्यस्तो सूचना दिन आग्रह गरेको छ । मन्त्रालयले सूचना दिने व्यक्तिको पहिचान भने पूर्णरुपमा गोप्य रहने प्रतिवद्धता जनाएको छ ।

## चुनावी...

चिन्ह नै पहिलो नम्बरमा रहनेछ । आयोगको यो निर्णयअनुसार मतपत्रको दोस्रो नम्बरमा कांग्रेस, तेस्रो नम्बरमा माओवादी केन्द्रको चुनाव चिह्न रहनेछ । समानुपातिकतर्फ सहभागी नभएका दलहरुको हकमा प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन- २०७९ का लागि दल दर्ता भएको क्रमका आधारमा हुनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१०**

**तिबुङ्पोखरी निर्माण एण्ड सप्लायर्स प्रा.लि.**को मिति २०७९/०४/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिम्बुङ पोखरी निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. २४२८८८)** कायम गर्ने गरी मिति २०७९/०४/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०५/१०**

यस कार्यालयमा मिति २०७४/१०/१५ मा दर्ता भएको **प्रा.लि. नं. १८२५४४** को **फाईभ ब्रदर्श ईन्टरनेशनल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दास्रो पटक प्रकाशित मितिः २०७९/०५/१०**

**एभर सेफ बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.** को मिति २०७९/०४/२९ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिजल कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: ९६४३९/०६९/०७०)**, कायम गर्ने गरी मिति २०७९/०४/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१०**

**ईजल्यान्ड फास्ट फुड एण्ड सेकुवा कर्नर प्रा.लि.**को मिति २०७९/०५/०१ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आई.डि. स्टोर प्रा.लि. (प्रा.लि. नं. २५०३६६)** कायम गर्ने गरी मिति २०७९/०५/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मलेसियामा रोजगार |**

१. कम्पनीः A&A CHESTERFIELD SDN BHD.
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०५/०७ | चलानी नं.: ६०१८६१६८ | LT. No.: 270032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः Q MAKER ENTERPRISE
शहरः PERAK

पूर्व स्वीकृत मितिः २०७६/०९/२७ | चलानी नं.: ६०१४९९४६ | LT. No.: 230907 | पुनविज्ञापन

| कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1100 | ३१,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ १७ गते (2 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिथिला मेनपावर सर्भिसेस् प्रा. लि.**
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, Website: mtlgroup.com.np
फोनः ४४९११०४, फ्याक्सः ४४९४९८६, Email: mithila_menpower@yahoo.com
९८५११२९३७१, ९८०१०२९३७३, ९८०२०७६३३६, ९८४१३१६३१५, ९८५४०३०५७७, ९८४४०५८४१८
श्रम इजाजत नं. ९२०/०६७/०६८

# पुरातात्विक सामग्री संग्रहालयलाई




**काठमाडौं/मस–** पुरातत्व विभागले बेलायतबाट नेपाल फिर्ता भएका दुई वटा पुरातात्विक एवं सांस्कृतिक महत्वका कलावस्तु र मूर्ति राष्ट्रिय संग्रहालयलाई हस्तान्तरण गरेको छ ।

ती दुई वटा पुरातात्विक महत्वका कलावस्तु बिहीबार यहाँ आयोजित एक कार्यक्रमबीच विभागका महानिर्देशक दामोदार गौतमले संग्रहालयका निर्देशक जयराम श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् ।

नेपालबाट चोरी भएका दुई पुरातात्विक कलात्मक वस्तु लण्डनस्थित नेपाली राजदूतावास, त्यहाँको मेट्रोपोलिटन पुलिस र नेपालको पर्यटन मन्त्रालय र अर्थमन्त्रालयको समन्वयमा स्वदेशी फिर्ता गरिएको विभागले जनाएको छ ।

बेलायतबाट फिर्ता ल्याइएको सांस्कृतिक महत्वका र पुरातात्विक महत्वका दुई सम्पदा सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको विभागका महानिर्देशक गौतमले जानकारी दिए । उनले नेपालको स्वामित्व भएका अरु धेरै चलायमान थप सांस्कृतिक सम्पदा पहिचान भई नेपाल फर्किने क्रममा रहेको बताए ।

पुरातात्विक कलावस्तुमध्ये काठको कलात्मक तोरण कला शैलीको हिसाबले १७औँ वा १८औँ शताब्दीतिर बनेको मानिएको छ । उक्त तोरण काठमाडौँ महानगरपालिका-२३ मा रहेको कुमारी वहाको प्रवेशद्वार माथिबाट सन् १९८०-९० को दशकमा चोरी भएको थियो ।

यस्तै प्रस्तरबाट निर्मित नमस्कार मुद्रामा बसेको भक्तको मूर्ति कलाशैलीको हिसाबले १६औँ वा १७औँ शताब्दीमा बनेको मानिएको छ। उक्त मूर्ति कामनपा वडा नं २३ मञ्जुश्री मन्दिर नजिकै रहेको ओम बहालबाट सन् १९८० मा हराएको थियो । ती कलात्मक सामग्री विभिन्न माध्यम हुँदै लण्डनमा पुगेको र उत्पत्तिस्थल नेपाल भएको पुष्टि भएपछि लण्डनस्थित मेट्रोपोलिटन पुलिसको सहयोगमा १८ मार्च २०२२ मा लण्डनस्थित नेपाली राजदूतावासलाई हस्तान्तरण गरिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कलात्मक वस्तुको बीमा तथा ढुवानीको खर्च बेहोरेर ती कलात्मक वस्तु नेपाल ल्याइएको हो । नमस्ते एटुजेट कम्पनी लण्डनसँग समन्वय गरी कलात्मक सामग्रीहरु भदौ ७ गते टर्किस एयरबाट इस्तानबुल हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेको विभागको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

हालसम्म भारत, तिब्बत, अस्ट्रिया, अमेरिका, जर्मनी, इटाली र युरोपियन नागरिकबाट गरी जम्मा ७२ थान मूर्तिहरु, धार्मिक ग्रन्थ तथा कलावस्तु साथै बेलायतबाट २०५२ चैत १९ मा फिर्ता भएका १९ थान र भदौ ७ गते फिर्ता भएका दुई थान कलात्मक वस्तु गरी जम्मा ९३ थान कलात्मक वस्तु विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति तथा संघसंस्थाको प्रयासबाट फिर्ता भइसकेको विभागले जनाएको छ ।

यसबाहेक अमेरिका, फ्रान्स, बेलायत, जर्मनी, अस्ट्रेलिया जस्ता देशबाट थप अरु केही कलावस्तु फिर्ताका लागि कूटनीतिक पहल भइरहेको छ । महानिर्देशक गौतमले नेपाल फिर्ता भएका पुरातात्विक वस्तुको कानूनी प्रक्रिया पुर्‍याएर हराएका स्थानमा कलावस्तु प्रतिस्थापन गरिने बताए ।

विभिन्न माध्यमबाट नेपालको सम्पदा पहिचान भएका मूर्तिको फिर्ता गर्ने, विभिन्न देशमा छरिएका मूर्तिको संरक्षण गर्न र मूर्ति भविष्यमा हराउन नदिन सचेतना अभिवृद्धि गरिनेछ । पर्यटन मन्त्रालयले हराएर विभिन्न मुलुकमा फेला परेका सम्पदाको नेपाल फिर्ताका लागि बजेट विनियोजन गरेर काम गरिरहेको विभागले जनाएको छ ।

# निर्वाचन क्षेत्र विकास कार्यक्रममा रोक



**धनुषा/मस–** मधेस प्रदेश सरकारले प्रदेश सभासद्का लागि विनियोजन गरेको निर्वाचन विकास क्षेत्र कार्यक्रममा रोक लागेको छ ।

प्रत्यक्षतर्फका सभासदलाई जनही रु तीन करोड र समानुपातिकतर्फका सभासदलाई जनही रु एक करोड निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि प्रदेश सरकारले विनियोजन गरेको थियो ।

निर्वाचनको मिति घोषणा भइसकेका अवस्थामा छोटो समयका लागि योजना कार्यान्वयन गर्दा निर्वाचनको निष्पक्षता माथि प्रश्न उठ्नसक्ने भएकाले त्यो कार्यक्रम नगर्न नगराउन निर्वाचन आयोगले सरकारलाई पत्र पठाएको छ ।

निर्वाचन विकास क्षेत्र कार्यक्रम नगर्न नगराउन निर्वाचन आयोगबाट सोमबार नै पत्र आएको मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रामसरोज यादवले जानकारी दिए ।

'निर्वाचन क्षेत्र विकास कार्यक्रम नगर्न र अबण्डा रकमसमेत बाँडफाँट नगर्न नगराउन निर्वाचन आयोगले परिपत्र गरेको छ', उनले भने, 'निर्वाचन आयोगले काम नगर्न पत्राचार गरेसँगै ती दुवै कार्यक्रम हुन सक्दैन ।' आयोगबाट परिपत्र प्राप्त भइसकेकाले निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न नसकिने मन्त्री यादवले बताए ।

# मध्यपुरथिमिका पाँच सय १९ लाई लालपुर्जा

**भक्तपुर/मस–** नापी कार्यालय भक्तपुरले नाप जाँच गरी हाल साविक गरेको पाँच सय १९ थान जग्गाधनी पुर्जा मध्यपुरथिमि नगरपालिका-५ र ७ का स्थानीय स्ववासीलाई वितरण गरिएको छ ।

बिहीबार मध्यपुरथिमि नगरपालिका कार्यालयमा नापी कार्यालयले आयोजना गरेको पुर्जा वितरण कार्यक्रममा पाँच सय १९ थान स्ववासीलाई उनीहरुले भोग चलन गर्दै आएको जग्गाधनी पुर्जा वितरण गरिएको नापी कार्यालय भक्तपुरका प्रमुख मग्नु दत्तले जानकारी दिए ।

**SAUDI ARABIA मा बैदेशिक रोजगारको अवसर**

Company: BLUE CLOUD CAR WASH, Saudi Arabia,RIYADH

पूर्व स्वीकृती मिति: २०७९/५/९ चलानी नं. ६०१८५९९६ LT No.: 269841

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 4 | 0 | 1000 | ३३,७९४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ भाद्र २० (5 September, 2022) गते यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
AN ISO 9001-2008 Certified Company
**मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.**
काठमाण्डौ-३४, शान्तिनगर, काठमाण्डौ,
फोन: ०१ - ४६२०९२९, ४६२११७६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
आयोजना क्लष्टर इकाई
जनकपुरधाम, धनुषा

**चौथो पुस्ताको आलुको बिउ आपूर्ति कार्यको शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/१०**

यस आयोजना क्लष्टर इकाईको आ.ब. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषक तथा कृषक समुहहरुलाई कार्यालयबाट ८५% र सम्बन्धित कृषक/कृषक समुहको १५% लागत सहभागितामा तपसिलमा उल्लेखित गहुँको उन्नत बीउ बितरण कार्यको लागि बोलपत्रको माध्यमबाट आपूर्ति गराउनु पर्ने भएकोले इच्छुक योग्यता पुगेका बीउ आपूर्तिकर्ताहरु/समूह/सहकारीले फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७९/०८० को लागि नविकरण भएको सम्बन्धित इजाजत पत्र, स्थायी लेखा नम्बर, दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा/व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी षिष्लर्बा घोषणापत्र सहित निवेदन सँलग्न राखी ३० (तीस) दिन भित्र कार्यालय समयमा रु.३,०००/- (तीन हजार रुपैया मात्र) फिर्ता नहुने गरी नगद तिरी यस आयोजना क्लष्टर इकाईबाट बोलपत्र फारम खरीद गरी आपूर्तिकर्ताहरुबाट रीतपूर्वकको शीलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी बिस्तृत सूचना httpM//fansep.moald.gov.np र यस आयोजना क्लष्टर इकाई, धनुषाको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**तपसील**
**कृषक तथा कृषक समुहहरुलाई आलुको उन्नत बितरण–ढुवानी समेत**

| बोलपत्र ठेक्का नम्बर | आलुको जात | परिमाण (मे.टन.) | बोलपत्र, जमानत रकम | बोलपत्र, जमानत अवधी | धरौटी खाता नं. | बोलपत्र दर्ता गर्ने मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| ०१/२०७९/०८० | जनकदेव | करिब २० | १,२५,०००/- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको । | को. ले. नि. का., धनुषाको रा.बा. बैंक, जनकपुर १२२०१००१०२०३०००० कार्यालय कोड नं. ३१२००१७०४ आयोजना क्लष्टर इकाई, धनुषा | सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म | ३१ औं दिन दिनको ०१:०० बजे |
| | कार्डिनल | करिब १५ | | | | | |
| | डेजिरे | करिब १० | | | | | |

बरिष्ठ कृषि अधिकृत

**मलेसियामा रोजगार** | कम्पनी : MAGNUS FORCE SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७८/१२/२९ चलानी नं.: ६०१७७८० LT. No.: 261476 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1200 | ३४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा १८ भदौ गते (3 Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : [illegible]

AL HAYA H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1092/073/074
**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com

**Malaysia मा रोजगार** | 1.Company : PRESTIGE WISH SDN BHD City: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७९/०५/०१ चलानी नं.: ६०१८५५९३ LT. No.: 269784 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Company : ECN WORLD MARKETING SDN BHD City: Malaysia

पुर्व स्वीकृत मिति: २०७९/04/२१ चलानी नं.: ६०१८४५८७ LT. No.: 268787 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Fillers | 80 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १७ गते (2 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DOS Link
**DOS LINK PVT. LTD.**
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

**QATAR मा रोजगार** | १. कम्पनी: Life Style For Cleaning & Maintenance शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०२/२९ चलानी नं.: ६०१६००९३ LT. No.: 242095 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | स. काममा दक्ष | 1700 | ५९,१९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: life style clearing and maintenance company शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०३/०२ चलानी नं.: ६०१८१०९४ LT. No.: 265092 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 10 | 10 | स. काममा दक्ष | 1000 | ३४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: Life Style For Cleaning & Maintenance शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६१९८२ LT. No.: 244184 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 22 | 0 | स. काममा दक्ष | 1000 | ३४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १७ गते (2 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AAROHI
Govt. Lic. No. 1244/074/075
**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, 9801068586, Email: info@aarohihrsolutions.com

**मलेसियामा रोजगार** | कम्पनी: KILANG KICAP SUN WENG CHUN SDN BHD शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७९/०५/०९ चलानी नं.: ६०१८६१५९ LT. No.: 270287

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १७ गते (2 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५४७/०६२/०६३
मैतिदेवी, काठमाडौं, नेपाल, फोन: ०१-४५१२६५०

**साउदीमा रोजगार** | १. कम्पनी : OSCAR PAINTS FACTORY शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०७९/०५/०८ चलानी नं.: ६०१८६१६५ LT. No.: 270226

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PAINTER | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : RARE AMASSI FURNITURE UPHOLSTERY EST शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०७९/०५/०९ चलानी नं.: ६०१८६१६४ LT. No.: 270301

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**मलेसियामा रोजगार** | ३. कम्पनी : Nian Wood Enterprise SB शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/०९ चलानी नं.: ६०१८६१६३ LT. No.: 270302

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १७ गते (2 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कम्पनी १ र २ मा रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७९३३४७, फ्याक्स: ०१-४७९३३४८

मध्यान्ह
www.madhyanhadaily.com

१० भदौ २०७९, शुक्रबार
26 August 2022, Friday

## सम्पादकीय

# विधिमाथि बाहुबल

राष्ट्रपति विद्यादेवी भण्डारीले चालेको कदमप्रति सत्तारूढ दलहरूले कडा प्रतिक्रिया जनाएका छन् । बिहीबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारूढ दलहरूको बैठकले राष्ट्रपतिको सक्रियतालाई राजनीतिबाट प्रेरित रहेको निष्कर्ष निकालेको छ । बैठकपछि बाहिरिने क्रममा सत्तारूढका शीर्ष नेताहरू पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, उपेन्द्र यादव लगायतले एउटै निष्कर्ष सुनाए । राष्ट्रपति भण्डारीको सक्रियता राजनीतिबाट प्रेरित भएको निष्कर्ष निकाल्दै सत्तारूढ नेताहरूले आपत्ति जनाएका छन् । केही दिनदेखि राष्ट्रपति भण्डारीले सुरक्षा निकायका अधिकारी, सञ्चारकर्मी लगायतसँग भेटवार्ता बाक्लो बनाएकी छन् । कतिपयले भने राष्ट्रपति भण्डारीले गम्भीर कदम चाल्न सक्ने अनुमान गरेका छन् । राष्ट्रपति भण्डारीको कदमप्रति प्रधानमन्त्री शेरबहादुर देउवासहित बसेको सत्तारूढ नेताहरूले आपत्ति जनाउनुले यो प्रकरण गम्भीर बन्न पुगेको छ ।


